# बाणगङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०८३।८४
चलानी नम्बर :

वाणगंगा नगरपालिका,कृषि विकास शाखा कपिलवस्तुको प्रस्तावना आह्वान सम्बन्धि सूचना !

**प्रथम पटक प्रकाशित मिति २०८३/०५/०२ गते**

यस वाणगंगा नगरपालिका, कृषि विकास शाखा कपिलवस्तुको आ.व.२०८३।०८४ को वार्षिक स्वीकृत कार्यक्रम मध्ये प्रथम चौमासिकमा निम्न कार्यक्रमहरु संचालनको लागि सूचना प्रकाशन गरी प्रस्तावना छनौट गर्नु पर्ने भएकोले इच्छुक कृषक समूह/कृषि सहकारी संस्था तथा कृषि फर्महरुले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले ३० दिन (मिति २०८३/०५/३१ गते) भित्र बाणगंगा नगरपालिका,कृषि विकास शाखामा निर्धारित ढाँचा अनुसारको प्रस्ताव पेश गर्नु हुन यसै सूचना द्धारा जानकारी गराइन्छ ।

**कार्यक्रमहरु**

| कार्यक्रम | सम्लग्न गर्नुपर्ने आवस्यक कागजात | न्युनतम मापदण्ड |
|---|---|---|
| १. पचास प्रतिशत अनुदानमा बीउ उत्पादन कार्यक्रम (गहुँ) | १. कृषक समूह/ कृषि सहकारी/कृषि फर्म/जलउपभोक्ता समिति २०८३ श्रावण ३१ गते भित्र दर्ता भएको दर्ता प्रमाण पत्रको प्रतिलिपी (नियमानुसार नविकरण/सुचिकृत भएको)। | १.कम्तिमा ३० कठ्ठाको एउटै प्लट हुनु पर्ने।<br>२. वीउको रुपमा प्रयोग तथा विक्री वितरणको प्रतिवद्धता गर्नु पर्ने ।<br>३. सिचाईको सुविधा भएको जग्गा हुनु पर्ने । |
| २. पचासी प्रतिशत अनुदानमा साना सिंचाई मर्मत सम्भार तथा निर्माण | २. कृषक समूह/ कृषि सहकारी/ जलउपभोक्ता समितिको कार्यक्रम मागको निर्णयको प्रतिलिपी ।<br>३. वडा कार्यालयको सिफारिस पत्र । | १.कम्तिमा ३ विगाहमा सिंचाइ हुनु पर्ने । |
| ३. पचास प्रतिशत अनुदानमा साना मेसिनरी औजार बितरण (पावरटिलर,मिनिटिलर,रिपर, कर्नसेलर,कम्वाईण्ड मिल र ज्याप प्लान्टर) | ४. करचुक्ता प्रमाण पत्रको प्रतिलिपी ।<br>५. छुट्टा छुट्टै कार्यक्रमको लागि छुट्टा छुट्टै निवेदन ।<br>६. कृषक समूह/कृषि सहकारी/कृषिफर्म/जलउपभोक्ता समितिको कार्यालय भवनमा राखिएको साईनबोर्डको फोटो ।<br>७. कृषि विकास तथा कृषि प्रसार कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७८ को अनुसूची-२ अनुसारको ढाँचामा प्रस्ताव तयार गरी पेश गर्नु पर्ने । | १. कृषि प्रयोजनमा मात्र प्रयोग गर्नु पर्ने ।<br>२. पावरटिलर,मिनिटिलर,रिपर, कर्न सेलर, कम्वाईण्ड मिल र ज्याप प्लान्टर मात्र माग गर्न सकिने । |
| ४. पचास प्रतिशत अनुदानमा मागमा आधारित व्यवसायिक कृषि बिकास कार्यक्रम | ८. लालपुर्जाको प्रतिलीपी वा जग्गाको क्षेत्रफल खुल्ने कागजात ।<br>९. सि.नं.५ र ६ को लागि ब्यक्तिगतको हकमा नागरिकताको प्रतिलिपी,लालपुर्जाको प्रतिलीपी वा जग्गाको क्षेत्रफल खुल्ने कागजात र अनुसूची-२ अनुसारको फर्मेट सहित बीउ माग सम्बन्धि निवेदन मात्र | १.एकै ठाउमा ब्यवसायिक रुपमा कम्तिमा तरकारी- ५ कठ्ठा, फलफूल-५ कठ्ठा, च्याउ-५०० वल्व, वीउ उत्पादन-३० कठ्ठा, पुष्प -२ कठ्ठा, नर्सरी-१ कठ्ठा हुनु पर्ने |
| ५. पचास प्रतिशत अनुदानमा उन्नत बीउ बितरण (गहुँ)<br>६. खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान (गहुँ) | | १. आफ्नो जग्गा वा भाडाको जग्गा हुनु पर्ने।<br>२. सिचाईको सुविधा भएको जग्गा हुनु पर्ने |

**नोट:-** कृषि विकास तथा कृषि प्रसार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ यस नगरपालिकाको वेभसाइड www.bangangamun.gov.np बाट हेर्न र डाउनलोड गर्न सकिने छ ।

**पुनश्च:** आवेदनमा माग भए बमोजिमका सम्पूर्ण कागजात नपुग भएमा नगरपालिका कृषक समूह/कृषि सहकारी/ कृषि फर्मको प्रस्ताव स्वीकृत गर्नका लागि बाध्य हुने छैन ।

विस्तृत जानकारीका लागि वाणगंगा नगरपालिका,कृषि विकास शाखा कपिलवस्तुमा सम्पर्क राख्नुहोला।
सम्पर्क नम्बर-९८४१३५२७४७/९८५७६२९३७९

.......................
**भक्तिराम मरासिनी**
**प्रमुख प्रशासकीय अधिकृत**